# काठमाडौं महानगरपालिका

# नगर कार्यपालिका समिति उपसमिति गठन सम्वन्धी कार्यविधी, २०७४

काठमाडौं महानगरपालिका कार्यालय,
बागदरवार, काठमाडौं

# काठमाडौं महानगरपालिका

## कार्यपालिका अन्तर्गत समिति/उपसमिति गठन सम्वन्धी कार्यविधी, २०७४

काठमाडौं महानगरपालिकाको कार्यपालिकाले आफ्नो काम कारवाहीलाई थप व्यवस्थित रुपमा संचालन गरी कार्यसम्पादनस्तर गुणात्मक वनाई उच्चतम नतिजा प्राप्त गर्न, काठमाडौ महानगरपालिकाको विषयगत क्षेत्रमा विशिष्टीकृत रुपमा नीति, योजना तथा कार्यक्रम संचालन गरी कार्यपालिकाको वैठकको उपलव्धीलाई अझ वृद्धि गर्न स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १४ र दफा १०२(२) अनुसार कार्यपालिकाले मिति २०७४/०९/२४ को बैठकले यो कार्यविधी वनाइ लागू गरेको छ ।

**परिच्छेद- १**

**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भ**- (१) यो कार्यविधीको नाम"काठमाडौं महानगरपालिका

कार्यपालिका अन्तर्गत समिति/उपसमिति गठन सम्वन्धी कार्यविधी, २०७४" रहेको छ ।

(२) योकार्यविधी काठमाडौ महानगरपालिकाको कार्यपालिका वैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२.परिभाषा:**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालनऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) "कार्यविधी" भन्नाले काठमाडौं महानगरपालिकाकार्यपालिका अन्तर्गत समिति/उपसमिति गठन सम्वन्धी कार्यविधी, २०७४सम्झनु पर्दछ ।

(ग)" कामपा" भन्नाले काठमाडौं महानगरपालिका कार्यालय सम्झनु पर्दछ ।

(घ) " प्रमुख" भन्नाले काठमाडौं महानगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ङ) " उपप्रमुख" भन्नाले काठमाडौं महानगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(च) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले साविकमा सचिव/कार्यकारी अधिकृतको रुपमा कार्यरत काठमाडौं महानगरपालिकाको प्रमुख प्रशसकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "समिति/उपसमिति" भन्नाले यस कार्यविधी वमोजिम गठित समिति उपसमितिलाई सम्झनु पर्दछ ।

(ज) "नगरसभा" भन्नालेकाठमाडौ महानगरपालिकाको नगरसभालाईसम्झनु पर्दछ।

(झ) "संयोजक" भन्नाले  समितिको संयोजकलाईसम्झनु पर्दछ।

(ञ) "सदस्य" भन्नाले समितिको सदस्यलाईसम्झनु पर्दछ।

(ट) "सदस्य सचिव" भन्नाले समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ।

(ठ)"विभाग/महाशाखा"  भन्नाले काठमाडौं महानगरपालिका अन्तर्गतको विभाग र महाशाखालाई सम्झनु पर्दछ।

## परिच्छेद - २

## समिति गठन तथा क्षेत्राधिकार

**३. समिति गठन-** (१) नेपालको संविधान तथा स्थानीय सरकार संचालन सम्वन्धी ऐन र अन्य प्रचलित नेपाल कानूनले स्थानीय तहलाई उपलव्ध गराईएको अधिकारको समुचित प्रयोग गर्दै स्थानीय शासन प्रशासनलाई व्यवस्थित वनाई जनसहभागिता,उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न मद्धत पुर्‍याउने उद्देश्यले काठमाडौ महानगरपालिका अन्तर्गत विषयगत क्षेत्रमा केन्द्रित भई विशिष्टीकृत रुपमा विषयहरु उपर छलफल गरी निस्किएको निचोड तथा प्रस्तावलाई प्रमूख मार्फत कार्यपालिकामा पेश गरी आवश्यक कानून, नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने तथा अनुगमन मार्फत उपलव्धीलाई उच्चतम गराउन आवश्यक देखिएकोले हालको संस्थागत तथा विषयगत कार्यक्षेत्रलाई आधार मानी कार्यपालिका मातहत रहने समिति/उपसमितिहरु गठन गरिने छ।

(२) उपनियम (१) वमोजिमका समितिहरु गठन कार्यपालिकाको निर्णय वमोजिम हुनेछ। कार्यपालिकाको सदस्यमध्येबाट संयोजक १, सदस्य वढीमा ३ जना र सदस्य सचिवमा संवद्ध विभाग/महाशाखाको प्रमूख रहने गरी समितिको संरचना हुनेछ। समितिको वैठकमा प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत आमन्त्रित सदस्यको रुपमा रहन सक्नेछ्न। प्रमुख तथा उपप्रमुख बाहेक कार्यपालिकाको  सदस्य कुनै एक विषयगत समितिमा मात्र संयोजक वा सदस्य हुन सक्नेछन्।

(३) उपनियम (२) बमोजिमकामपा अन्तर्गत रहने समिति तथा समितिको काम, कर्तव्य रअधिकारदेहाय वमोजिम हुनेछ :

(क) **सुशासन समिति** : सुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१)काठमाडौ महानगरपालिकाको संस्थागत सुशासन कायम गरी स्थानीय शासन, विकास निर्माण तथा सेवा प्रवाहमा उच्चतम सदाचार, पारदर्शिता, नियमितता र प्रभावकारीता कायम गर्न/गराउन आवश्यक नीति, योजना, कार्यक्रम तर्जुम गर्ने ।

(२) संस्थागत सुशासन तथा शहरी सुव्यवस्था कायम गर्न आवश्यक प्रस्तावहरु संवन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलाप समेत शिफारिस गर्ने ।

(३) कामपाको सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी वनाउन उपयुक्त प्रणालीको शिफारिस गर्ने ।

(४) संवद्द कानून तथा कामपाको निर्णय कार्यान्वयन र त्यसको उपलव्धी संवन्धमा नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने । विषय क्षेत्रसँग संवन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(५) कामपाको समस्तप्रशासनिक काम कारवाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

(६) समितिले आफ्नो कामकारवाही, शिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

(७) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

(ख)**वित्त समिति :** वित्त समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१) काठमाडौ महानगरपालिकाको वित्तिय सुशासन कायम गरी नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य पुष्टी हुने गरी लेखा प्रशासन संचालन गर्न/गराउन आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(२) खर्च सम्वन्धी प्रचलित कानूनको यथार्थ परिपालना गराउन आवश्यक प्रस्तावहरु संवन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलाप समेत शिफारिस गर्ने ।

(३) कामपाको खर्च व्यवस्थालाई अधिकतम उपलव्धीमुलक वनाई जनउत्तरदायी खर्च प्रणालीको शिफारिस गर्ने । स्वीकृत वजेटको परिधिभित्र रही कानून वमोजिम खर्च गर्ने प्रशासनिक प्रणालीलाई सुदृढ वनाउने । प्रचलित कानून वमोजिम रहने स्थानीय संचितकोष, आकस्मिककोषको व्यवस्थापनमा सहयोग गर्ने ।

(४) केन्द्र, विभाग, आयोजना तथा वडा कार्यालयको खर्च व्यवस्थापनलाई कानून वमोजिम पारदर्शी ढंगले परिचालन भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई

सुनिश्चित गराउने । विषय क्षेत्रसँग संवन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(५) कामपाको समस्तवित्तिय काम कारवाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने । महालेखापरिक्षकको कार्यालयले औल्याएका बेरुजु र आर्थिक अनुशासन सम्वन्धी सुझावहरु कार्यान्वयन गर्ने गराउने ।

(६) स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद १० अन्तर्गत तोकिएका आर्थिक कार्यप्रणाली सम्वन्धी व्यवस्थाको अधिनमा रही कामपाको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित वनाउन आवश्यक कार्यहरु गराउने ।

(७) समितिले आफ्नो कामकारवाही, शिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

(८) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

(ग) **सामाजिक समिति :** सामाजिक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१) काठमाडौ महानगरपालिका क्षेत्रको सामाजिक विकास, समाजकल्याण, शिक्षा तथा व्यवसायिक क्षमता विकास र स्वास्थ्य तथा स्वरोजगार जस्ता सामाजिक क्षेत्रमा सुशासन र समृद्धी हाँसिल गर्न आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(२) महिला, वालवालिका, जेष्ठ नागरिक, असाहय र अपांगता भएका व्यक्ति, पिछडिएको वर्ग, समुदाय, शहरी गरिव तथा सिमान्तकृतहरुको हकहित र सुविधाको निम्ति कामपाले अवलम्वन गरेको नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत शिफारिस गर्ने ।

(३) कामपाको स्वास्थ्य, शिक्षा, रोजगारी, खेलकुद आदिको क्षेत्रमा गुणात्मक तथा जनउपयोगी कार्यपद्धतिको विकास गरी सक्षम, उत्कृष्ट, सबल र प्रतिस्पर्धी नागरिक विकासमा केन्द्रित भई स्थानीय शासन संचालनका लागि आवश्यक संयन्त्र तथा कार्यप्रणालीको शिफारिस गर्ने ।

(४) समाजकल्याण तथा सामाजिक विकासका विविध क्षेत्रहरुमा सम्वन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा कानून वमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने ।विषय क्षेत्रसँग संवन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(५) कामपाको समस्तसामाजिक क्षेत्रको काम कारवाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

(६) समितिले आफ्नो कामकारवाही, शिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

(७) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

(घ) **विधायन समिति :** विधायन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१) नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन तथा संघ तथा प्रदेश कानून वमोजिम स्थानीय सरकारको रुपमा काठमाडौ महानगरपालिकाले नगरसभा तथा कार्यपालिकाबाट जारी गर्नुपर्ने ऐन, नियमावली, विनियमावली, निर्देशिका तथा मापदण्डहरुको पहिचान गरी कानूनी ढाँचामा मस्यौदा गर्ने, संवद्ध सरोकारवालाहरुविच छलफल गरी गराई सुझावहरु प्राप्त गर्ने र अन्तिम मस्यौदा तर्जुमा गरी नगरसभा तथा नगरकार्यपालिकामा पारित गर्न प्रस्तुत गर्ने ।

(२) न्यायिक समिति, प्रमुख तथा कार्यकारी अधिकृतको न्यायिक रोहबाट भएका निर्णय तथा मिलापत्रको कार्यान्वयन अवस्था सम्वन्धमा अवलोकन गरी प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रवन्ध मिलाउने ।

(३) कामपाको समग्र तथा विषयगत क्षेत्रहरुमा समयानुकुल सुधार गर्न आवश्यक पर्ने नीति, कानून तथा कार्यविधीहरुको अध्ययन विष्लेषण गरी राजधानी शहर काठमाडौको नगर सुव्यवस्थामा अभिवृद्धि गर्न आवश्यक संशोधन तथा पुनरावलोकन तथा कानून कार्यान्वनलाई सुनिश्तिच गर्न गराउन आवश्यक संयन्त्र तथा कार्यप्रणालीको शिफारिस गर्ने ।

(४) प्रचलित कानूनको परिपालना तथा यथार्थ कार्यान्वयन सम्वन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कानून कार्यान्वयनलाई सुनिश्चित गराउने । विषय क्षेत्रसँग संवन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(५) कामपाको समग्र विधी तथा विधायन क्षेत्रको काम कारवाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

(६) समितिले आफ्नो कामकारवाही, शिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

(७) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

(ङ) **राजश्व समिति :** राजश्व समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१) नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित कर, शुल्क, दस्तुर, दण्ड जरिवाना, रोयल्टी तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ अन्तर्गत उल्लिखित वित्तिय अधिकारक्षेत्रभित्रका कर, दस्तुर, शुल्क लगाउने, उठाउने र राजश्वको समुचित उपयोग गर्ने स्थानीय सरकारको रुपमा काठमाडौं महानगरपालिकाले नगरसभा तथा कार्यपालिकाबाट जारी गर्नुपर्ने ऐन, नियमावली, विनियमावली, निर्देशिका तथा मापदण्डहरुको पहिचान गरी विधायन समितिलाई पत्राचार गर्ने तथा राजश्व संवद्ध नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(२)  स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेटसिमा निर्धारण समिति र वजेट तथा कार्यक्रम तर्जुमा समितिसँग समन्वयमा रही आवश्यक सूचना, विवरण तथा तथ्याङ्क उपलव्ध गराई वजेट, नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्ने ।

(३) स्थानीय संचितकोषमा रहने रकमहरुको व्यवस्थापन संवन्धमा आवश्यक सहयोग, सुझाव उपलव्ध गराउने ।

(४) आफ्नो क्षेत्रभित्रका करदाताहरुको पहिचान गर्ने, सवै करदातालाई करको दायरामा ल्याउने र कर प्रशासनलाई सरल, सहज र पारदर्शी वनाई करदातामैत्री कार्यालयको रुपमा विकास गर्न आवश्यक नीतिगत तथा व्यवस्थापकीय प्रवन्धको लागि अध्ययन अनुसन्धान गरी उपयुक्त विधी, प्रकृया र प्रणालीको शिफारिस गर्ने । राजश्व व्यवस्थापन संवन्धमा गर्नुपर्ने सुधारका पक्षहरु संवन्धमा शिफारिस गर्ने ।

(५)प्रचलित कानूनको परिपालना तथा यथार्थ कार्यान्वयन सम्वन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कानून कार्यान्वयनलाई सुनिश्चित गराउने । विषय क्षेत्रसँग संवन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(६) सवै करदाताहरुको विवरणलाई अध्यावधिक राखी सूचना प्रविधीको प्रयोगबाट कर संकलन गर्ने सम्वन्धमा संवद्ध विभाग, महाशाखासँग सहयोग तथा समन्वय गर्ने ।

(७) समितिले आफ्नो कामकारवाही, शिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

(८) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

(च) **पुर्वाधार समिति :** पुर्वाधार समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१) काठमाडौ महानगरपालिका क्षेत्रभित्र निर्माण गर्न आवश्यक भौतिक पुर्वाधारहरुको पहिचान गरी तत् सम्वन्धमा  आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(२)  नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत वजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत शिफारिस गर्ने ।

(३) सुरक्षित तथा व्यवस्थित काठमाडौ निर्माणका लागि अन्य स्थानीय तहहरुसँग समेत एकिकृत रुपमा संचालन गर्न आवश्यक ठुला परियोजनाहरु सम्वन्धमा आवश्यक अध्ययन,अनुसन्धान, विश्लेषण गरी शिफारिस गर्ने ।

(४) शहरी पुर्वाधार विकास तथा भौतिक निर्माणसँग संवन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा कानून वमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने ।विषय क्षेत्रसँग संवन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(५) कामपा क्षेत्रभित्र अन्य सरकारी निकाय, संस्थान आदिबाट हुने भौतिक निर्माण संवद्ध कार्यहरुमा आवश्यक समन्वय गरी निर्माण कार्यमा एकरुपता र गुणस्तरीयता कायम गर्न सहयोग गर्ने ।

(६) कामपाको स्वीकृत वजेट अन्तर्गत निर्माण गरिने शहरी पुर्वाधारहरु समयमै सम्पन्न गर्ने, गुणस्तरीयता र उपयोगितामा कमि आउन नदिने, अपांगतामैत्री संरचनाहरु निर्माण गर्ने तथा सार्वजनिक हित र सरोकारलाई उच्च महत्व दिई भौतिक संरचनाहरु निर्माण गर्न गराउन आवश्यक कानूनी तथा संस्थागत प्रवन्ध गर्न शिफारिस गर्ने ।

(७) समितिले आफ्नो कामकारवाही, शिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

(८) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

(छ) **वातावरण समिति :** वातावरण समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१) काठमाडौ महानगरपालिका क्षेत्रभित्रको वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्धन तथा प्रदुषण नियन्त्रण  सम्वन्धमा  आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(२)  नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत वातावरण सम्वन्धी वजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत शिफारिस गर्ने ।

(३) सफा, सुन्दर र स्वच्छ महानगर बनाउन आवश्यक अध्ययन,अनुसन्धान, विश्लेषण गरी शिफारिस गर्ने ।

(४) गुणस्तरीय खाद्यपदार्थ विक्रि वितरणको व्यवस्थापनको निमित्त आवश्यक पुर्वाधार, नियमित अनुगमन र कारवाही संवन्धमा आवश्यक नीतिगत तथा संस्थागत संयन्त्र विकास गर्न अध्ययन छलफल गरी प्रस्ताव पेश गर्ने ।

(५) वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन कार्यमा संवन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा कानून वमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने ।विषय क्षेत्रसँग संवन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(६) Clean and Green the City कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गर्ने/गराउने । सार्वजनिक सौचालय निर्माण, वायुप्रदुषण नियन्त्रण, वातावरण संरक्षणमा समुदायको अधिकतम परिचालन, जैविक फोहोरको घर घरमा व्यवस्थापन, सफा टोल अभियान, शहरी क्षेत्रको साना वन व्यवस्थापन, नो मास्क सिटी अभियान, तरकारी, फलफुल तथा माछामासु वजारलाई आधुनिकीकरण तथा नदि सभ्यताको संरक्षण लगायत नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा केन्द्रित हुने तथा केन्द्रितहुन सहयोग गर्ने ।

(७) फोहोरबाट उर्जा अभियानलाई विशेष प्राथमिकता दिई कार्य गर्न नीतिगत तथा संस्थागत प्रवन्ध संवन्धमा अध्ययन अनुसन्धान गरी पेश गर्ने । समग्र वातावरणको क्षेत्रमा सुधार गर्नुपर्ने विषयहरु प्रस्ताव गर्ने ।

(८) समितिले आफ्नो कामकारवाही, शिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

(९) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

(ज) **भवन व्यवस्थासमिति :** भवन व्यवस्था समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१) काठमाडौ महानगरपालिका क्षेत्रभित्र निर्माण गरिने भवनहरु संवन्धी विद्यमान कानून, मापदण्ड तथा भवन संहिताको अध्ययन गरी सम्वद्ध विज्ञहरुको सुझाव समेतका आधारमा संशोधन पुनरावलोकन गर्नुपर्ने सम्वन्धमा ठोस प्रस्ताव शिफारिस गर्ने ।

(२) नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत वजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत शिफारिस गर्ने ।

(३) सुरक्षित तथा व्यवस्थित काठमाडौ निर्माणका लागि स्वीकृत भवन निर्माण सम्वन्धी मापदण्ड तथा संहिताको कडाईका साथ पालना गर्ने/गराउने । गैर कानूनी निर्माण नियन्त्रण गरी मापदण्ड विपरित निर्माण भएका संरचनाहरु भत्काउन सहयोग गर्ने ।

(४) काठमाडौ उपत्यका भित्रका अन्य स्थानीय तहहरुसँग समेतसमन्वय गरी उपत्यकाभित्रको भवन निर्माण सम्वन्धी व्यवस्थामा एकरुपता कायम गर्न पहल गर्ने ।

(५) भवन निर्माणको नियमित अनुगमनलाई व्यवस्थित रुपमा संचालन गरी तत्काल कारवाही अघि वढाउन संस्थागत संयन्त्र वनाउने र कारवाहीको लागि प्रमुख समक्ष सिघ्र पेश गर्न समन्वय गर्ने ।

(६) संवन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा कानून वमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने ।विषय क्षेत्रसँग संवन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(७) भवन निर्माण इजाजत, निर्माण सम्पन्नता जस्ता कार्यहरुलाई अझ सरल प्रभावकारी र पादरर्शी गराउने घरधनीहरुलाई स्वीकृत नक्सा वमोजिम मात्र निर्माण गर्न अभिमुखीकरण गर्ने आदि कार्यलाई प्राथमिकताका साथ अघि वढाउन समन्वय गर्ने ।

(८) समितिले आफ्नो कामकारवाही, शिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

(९) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

(झ) **सूचनाप्रविधी समिति** : सूचना प्रविधी  समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(१) काठमाडौ महानगरपालिकाको संस्थागत सुशासन कायम गरी स्थानीय शासन, विकास निर्माण तथा सेवा प्रवाहमा उच्चतम सदाचार, पारदर्शिता, नियमितता र प्रभावकारीता कायम गर्न/गराउन सूचना प्रविधीको प्रयोगलाई उच्च वनाउन आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(२) संस्थागत सुशासन तथा शहरी सुव्यवस्था कायम गर्न सूचना प्रविधी सञ्जाल विकास सम्वन्धी आवश्यक प्रस्ताबहरु संवन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलाप समेत शिफारिस गर्ने । महानगरले हाल प्रदान गरेका सूचना प्रविधिमा आधारित सेवाको गुणस्तर र प्रभावकारीताका सम्वन्धमा अनुगमन गरी आगामी दिनमा लिनुपर्ने नीतिगत, कानूनी सुधारको उपायहरु कार्यपालिकाको वैठकमा प्रस्तुत गर्ने ।

(३) कामपाको सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी वनाउन सूचना प्रविधीसँग जोड्ने उपयुक्त प्रणालीको शिफारिस गर्ने ।

(४) संवद्द कानून तथा कामपाको निर्णय कार्यान्वयन र त्यसको उपलव्धी संवन्धमा नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने । विषय क्षेत्रसँग संवन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(५) कामपाको समस्त प्रशासनिक काम कारवाहीमा सूचना प्रविधीको प्रयोग सम्वन्धमा आवश्यक सुधारको लागि अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

(६) समितिले आफ्नो कामकारवाही, शिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

(७) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

(ञ) **सम्पदा तथा पर्यटनसमिति :** सम्पदा तथा पर्यटन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१) काठमाडौ महानगरपालिका क्षेत्रभित्रका संस्कृति र सम्पदाको संरक्षण, संवर्धन र प्रवर्धन गर्न तथा पर्यटन विकासको निमित्त आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(२) नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत शिफारिस गर्ने ।

(३) काठमाडौको स्थानीय संस्कृति, सम्पदा, चाडपर्व, जात्रा, विहार, मन्दिर, धार्मिक क्षेत्र, पर्यटन क्षेत्र लगायत पुरातात्विक महत्वका नदी किनार, डवली, पाटीपौवा, किरियापुत्री वस्ने घर, वाजागाजा, गुठी परम्परा तथा अन्य मुर्त अमुर्त सम्पदाको सम्वन्धमा आवश्यक अध्ययन,अनुसन्धान, विश्लेषण गरी सुधार तथा संरक्षणको निमित्त अवलम्वन गर्नुपर्ने नीति तथा संस्थागत व्यवस्थाको शिफारिस गर्ने ।

(४) महाविनाशकारी भुकम्पबाट क्षतिग्रस्त सम्पदाहरुको सिघ्र र गुणस्तरीय पुनर्निर्माणका लागि पहल गर्ने, आवश्यक समन्वय गर्ने ।

(५) संस्कृति, सम्पदा संरक्षण तथा पर्यटन विकाससँग संवन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरुबाट प्रभावकारी रुपमा कानून वमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने ।विषय क्षेत्रसँग संवन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(६) कामपा क्षेत्रभित्र पुरातत्व विभाग तथा अन्य सरकारी कार्यालयहरुबाट हुने कार्यहरुमा आवश्यक समन्वय गरी सहयोग गर्ने ।

(७) समितिले आफ्नो कामकारवाही, शिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

(८) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

(ट) **विपद व्यवस्थापन समिति :** विपद व्यवस्थापत समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(१) काठमाडौ महानगरलाई सुरक्षित शहरको रुपमा विकास गर्न  निर्माण गरिने सवै भौतिक पुर्वाधारहरुमा विपत जोखिम न्यूनीकरणको प्रविधी र उपकरणहरु प्रयोग गर्ने प्रणाली  पहिचान गरी तत् सम्वन्धमा  आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(२)  नगरसभा तथा कार्यपालिकाबाट स्वीकृत विपद व्यवस्थापन सम्वन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत शिफारिस गर्ने ।

(३) सुरक्षित तथा व्यवस्थित काठमाडौ निर्माणका लागि अन्य स्थानीय तहहरुसँग समेत एकिकृत रुपमा संचालन गर्न आवश्यक विपद व्यवस्थापन सम्वन्धी विषयमा संयुक्त तवरबाट अध्ययन,अनुसन्धान, विश्लेषण गरी शिफारिस गर्ने ।

(४) शहरी पुर्वाधार विकास तथा भौतिक निर्माणमा विपद जोखिम न्यूनिकरणका अवधारणालाई मूल प्रवाहीकरण गरिए नगरिएको संवन्धमा संवन्धित विभाग, महाशाखा, आयोजना तथा वडा कार्यालयहरुको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने ।विषय क्षेत्रसँग संवन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(५) कामपा क्षेत्रभित्र अन्य सरकारी निकाय, संस्थान आदिबाट हुने भौतिक निर्माण संवद्ध कार्यहरुमा आवश्यक समन्वय गरी प्रकोपबाट वच्न आवश्यक पहल गर्ने ।

(६) विपद व्यवस्थापनमा सुधार ल्याउन आवश्यक कानूनी तथा संस्थागत प्रवन्ध गर्न शिफारिस गर्ने ।

(७) समितिले आफ्नो कामकारवाही, शिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरु प्रमुख मार्फत कार्यपालिकाको वैठकमा पेश गर्ने प्रवन्ध मिलाउने ।

(८) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद - ३

## विविध

. **४.समितिको बैठक सम्वन्धी व्यवस्था**-समितिको वैठक सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछ ।
(१) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(२) समितिको वैकक संयोजकको आदेशानुसार सदस्य सचिवले वोलाउनेछ । सदस्य सचिवले संयोजकसँग समन्वय गरी वैठक वस्ने मिति, स्थान र कार्यसूची तय गर्नुपर्नेछ ।

(३) समितिको वैठकमा आवश्यकता अनुसार सम्वन्धित क्षेत्रका विज्ञलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा समितिको वैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको वैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

(६) समितिको वैठकमा वहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा समितिको वैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितको वैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

**५. प्रतिवेदन पेश गर्नुपर्ने** - समितिले गरेका काम कारवाही, शिफारिस तथा प्रतिवेदनहरु सम्वन्धमा प्रत्येक ४/४ महिनाको चौमासिक प्रतिवेदन तथा बार्षिक प्रतिवेदन प्रमुख मार्फत कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**६. सुझाव निर्देशन पालना गर्नुपर्ने** - कार्यपालिकाले दिएका सुझाव तथा निर्देशनहरु समतिले अनिवार्यतः पालन गर्नुपर्नेछ ।

**७.<u>कर्मचारीले सहयोग गर्नु पर्ने</u> -** कामपामा कार्यरत सवै कर्मचारीहरुले समितिको काम कारवाहीमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

**८.<u>उपसमिति गठन गर्न सकिने</u>-** समितिले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा विस्तृत अध्ययन विश्लेषण गर्न वढीमा ३ सदस्यीय उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

**९.<u>समिति/उपसमिति भंग, पुनर्गठन गर्न सकिने</u>-** उपसमितिलाई समितिले र समितिलाई कार्यपालिकाले जुनसुकै वेला भंग वा पुनर्गठन गन सक्नेछ ।

**१०.<u>वैठक भत्ता सम्वन्धी व्यवस्था</u>-** समिति/उपसमितिको वैठक भत्ता कार्यपालिकाले तोकेवमोजिम हुनेछ ।

**११. <u>बाधा अडकाउ फुकाउने अधिकार</u>-** यस कार्यविधीले व्यवस्था गरेको कुनै प्रावधान कार्यान्वयन गर्न बाधा अडकाउ फुकाउन परेमा कामपा कार्यपालिकाले आवश्यकता अनुसार बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१२.<u>संशोधन गर्न सक्ने</u>**-यस कार्यविधीमा भएका कुनै विषयमा संशोधन गर्नु पर्ने आवश्यकता महशुस भएमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।